स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सुपरस्टार दयाहाङ राईले पछिल्लो समय आदिवासी जनजातिको कथामा बनेका फिल्म लगातार गरिरहेका छन् । त्यसमध्येको एक हो, 'घरज्वाइँ' । यही शुक्रबार 'असार २८ गते'बाट प्रदर्शनमा आउन लागेको फिल्ममा उनी मगर चरित्रमा छिन् । मगर समुदायमा वर्षौंदेखि प्रचलित घरज्वाइँ संस्कृतिमा आधारित भएर बनेको फिल्मले दर्शकलाई फरक कथा अनुभूति गराउने उनको विश्वास छ ।

आजको विचार...



कमनसेन्स...
(दुई पेजमा)

जगन्नाथ पन्त



उपासना सिंह ठकुरी पछिल्लो समय नेपाली फिल्म र मोडलिङका 'हार्टथ्रोब' हुन् । उनी सौन्दर्य र फेसन कन्सस्को चर्चा सामाजिक सञ्जालदेखि फिल्मवृत्तमा हुने गर्छ । 'विशेषगरी पहिरन चेतना उनको विशेषता हो । अभिनेत्री उपासना पनि फेसनको मामिलामा अग्रणी नै छिन् । उपासनाका लागि 'घरज्वाइँ' किन महत्वपूर्ण छ भने उनको आगामी फिल्म 'खुस्मा'पनि मगर समुदायकै चरित्रको कथा हो, जहाँ उनले मगर समुदायकी युवतीको भूमिका निर्वाह गरेकी छन् ।

❐ वर्ष २९ ❐ अंक ३४२ ❐ २०८१ असार २७ गते बिहीबार 11 July 2024, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## पाल्पा दरबार संग्रहालयको सौन्दर्यकरणको काम धमाधम

**रासस**

**रामपुर(पाल्पा),**असार२५ /ऐतिहासिक पाल्पा दरबार संग्रहालयको केही संरचनाको पुन: निर्माण अन्तिम चरणमा पुगेको छ । दरबारलाई थप पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने ध्येयले पुराना जीर्ण संरचनाको पुन:निर्माणसँगै सौन्दर्यकरण गर्न थालिएको हो ।

लुम्बिनी प्रदेश सरकार, पुरातत्व विभाग र तानसेन नगरपालिकाको सहकार्यमा दरबार क्षेत्र परिसरमा ढुङ्गा छाप्ने, पर्खाल बनाउने र जीर्ण भएको मूलढोका पुन:निर्माण जारी छ । दरबारको सुरक्षार्थ बनाइएको पर्खाल र यसभित्रको संरचनामा ढुङ्गा बिछ्याउने काम यस आर्थिक वर्षभित्रै सक्ने गरी धमाधम भइरहेको छ । पुन : निर्माणका लागि तानसेन नगरपालिकाले चालु आर्थिक वर्षमा ४१ लाख र लुम्बिनी प्रदेश सरकारले ५० लाख बजेट विनियोजन गरेका थिए । यसैगरी मूलढोका पुन:निर्माण गर्ने काममा पुरातत्व विभागले ८१ लाख ९५ हजार विनियोजन गरेको जनाइएको छ । राणाकालीन समयमा बनेको मूलढोका



जीर्ण बनेपछि यसलाई पुरानै स्वरुप नबिग्रने गरी बनाउन थालिएको तानसेन नगरपालिकाका उपप्रमुख प्रतिक्षा गाहा सिंजालीले जानकारी दिइन् । पाल्पाको पहिचानका रूपमा रहेको दरबारको ऐतिहासिक स्वरुप नबिग्रने गरी पुन:निर्माण सम्पन्न गरेर आन्तरिक मात्र नभई बाह्य पर्यटक भित्र्याउने गरी संरचना तयार पारी पर्यटकीय केन्द्रका रूपमा विकास गर्नुपर्ने स्थानीय सन्तवीर बरालले बताए । उनले भने, 'पाल्पालीको शान बनेको पाल्पा दरबारको ऐतिहासिकतालाई जोगाउँदै यसलाई थप परिस्कृत गरी आकर्षक बनाउने र उत्कृष्ट पर्यटकीय गन्तव्यस्थलका रूपमा स्थापित गराउन सबैले आ-आफ्नो ठाउँबाट पहल गरौँ ।' तत्कालीन द्वन्द्वका समयमा पूरै ध्वस्त बनेको दरबारलाई पुरानै शैलीमा पुन:निर्माण गरी संग्रहालय बनाइएको छ । अहिले सो दरबारलाई थप सुन्दर र आकर्षक बनाउन विभिन्न कार्य भइरहेका छन् । दरबारलाई संग्रहालयका रूपमा स्थापित गरिएपछि यहाँ अवलोकन गर्न पर्यटक आउने गर्दछन् । पाल्पाको सदरमुकाम तानसेनमा रहेको दरबार जिल्लाको चिनारीका रूपमा रहेको छ । इतिहासकारका अनुसार तत्कालीन प्रधानमन्त्री जगबहादुरका भाइ बद्रीनाथ सिंहले विसं १९३० ताका मूलढोका निर्माण गरेका थिए । सोही बेला बनेको मूलढोका पर्खाल र दरबार परिसरलाई थप आकर्षक बनाउन पुन:निर्माण गरिएको हो ।

तत्कालीन समयमा दरबारलाई सुरक्षाका दृष्टिले पर्खाल बनाइएको बताइएको छ । ऐतिहासिक दरबार परिसरलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न गत वर्ष यहाँ रहेका ५७ घर तथा टहरा भत्काइएको थियो । पुन:निर्माण भइरहेका संरचना बनाउने काम पूरा भएपछि तानसेन सहर थप आकर्षणको केन्द्र बन्नेछ । पुरानो सहरका रूपमा परिचित पाल्पाको तानसेन सहरमा ऐतिहासिक, धार्मिक सम्पदा प्रशस्त छन् । पुराना संरचना तथा सम्पदालाई संरक्षण गरी पर्यटकीय क्षेत्रका रूपमा विकास गर्नुपर्ने र यहाँको आयस्रोतमा टेवा पुग्ने स्थानीय बताउँछन् ।

### सक्षिप्त समाचार

## सडक दुर्घटनामा परी १३ जनाको मृत्यु

**(रासस/एएफपी)**

**इस्लामावाद,**असार २६/पाकिस्तान प्रशासित काश्मिरमा बुधबार भएको सडक दुर्घटनामा परी कम्तीमा १३ जनाको मृत्यु भएको उद्धार कर्ता संस्था 'रेस्क्यु ११२२' ले जनाएको छ । संस्थाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "पाकिस्तान प्रशासित काश्मिरको नीलम जिल्लामा एउटा यात्रुवाहक भ्यान खाल्डोमा खसेको छ ।

चालकले जिल्लाको पहाडी भू-भागमा तीव्र गतिले चलाएको गाडी मोड्न खोज्दा दुर्घटना भएको हुनसक्ने प्रारम्भिक अनुमान गरिएको छ ।" दुर्घटनामा परेका ती यात्रुको शव घटनास्थलबाट निकालेर नजिकैको अस्पतालमा लगिएको छ । शवको पोस्टमार्टमपछि मृतक सबैलाई आफन्तको जिम्मा लगाइने छ । पाकिस्तानमा पुराना गाडी, सडकको मर्मतसम्भारको कमी, सडक सुरक्षा नियमको उल्लैन र लापरबाहीपूर्वक गाडी चलाउँदा सडक दुर्घटना हुँदा बर्षेनी हजारौं मानिसले अकालमा ज्यान गुमाउनु परेको छ ।

## विश्व जनसंख्या दिवस आज नेपालमा पनि मनाइदैं

**पाल्पा,** असार २६/विश्व जनसंख्या दिवस नेपालमा पनि आज मनाइदैछ । संयुक्त राष्ट्रसघंको आह्वानअनुसार प्रत्येक बर्ष जुलाई ११ मा विश्व जनसंख्या दिवस मनाउने गरिएको छ । सन्१९८९ बाट हरेक वर्ष विश्वभरिका जनसंख्याका मुद्दाहरुलाई सम्वोधन गर्ने हेतुले विश्व जनसंख्या दिवस मनाउने गरिएको हो ।

दिवसका माध्यमबाट विश्वमा रहेका जनसंख्यासँग सम्बन्धी समस्या उठाइ त्यसका बारेमा जनचेतना अभिवृद्धि गर्ने गरिन्छ । जनसंख्या थोरै भएमा थोरै श्रोतले पनि गुणस्तरयूक्त जीवन धान्न मिल्ने तथ्य आुनो ठाउँमा छ तथापि विकास अनि समृद्धिका लागि चाहिने जनशक्तिको पूर्णता पनि जनसंख्याले नै गर्ने त हो । एउटा सन्तुलित जनसंख्या वेगैर कुनै पनि देशको सुरक्षा, विकास दीगो भविष्यको कल्पना पनि गर्न सकिन्न । विश्वको शक्तिकेन्द्र तथा विश्वको जनसंख्यामा आफ्नो अधिकतम स्थान राख्ने चीनले बढ्दो जनसंख्याको भयलाई बुझेर एक सन्तान प्रणाली लागू गरेकोमा पछिल्लो समय जनसंख्याको एउटा स्तर हासिल गर्न लामो समयको अध्ययन पश्चात् सन् २०१५ मा दुई सन्तान जन्माउन अनुमति सहित आफ्नो जनतालाई आह्वान गरेको छ । यस्तै संसारमै सबैभन्दा व्यस्त जीवनशैली अपनाएका जापानीहरूलाई समेत आफ्नो व्यक्तिगत तथा पारीवारिक समय निकालन तथा बढ्दो वृद्धवृद्धाहरूको जनसंख्यासँग तालमेल मिलाउन विभिन्न योजनासहितका सन्तान प्राप्ति अर्थात् बच्चा जन्माउन प्रेरित गरिन्छ भने अन्य थुप्रै देशहरुमा जनसंख्याको एउटा निश्चित स्तर तथा सन्तान उत्पादनको निराशाजनक उदाहरणहरू बढ्न थालेका छन् ।

## बगनासकालीमा कांँग्रेस र माओवादीबाट निर्वाचित जनप्रतिनिधिले गरे गाउँसभा बहिष्कार

**पाल्पा,** असार २६/जिल्लाको बगनासकाली गाउँपालिकामा नेपाली कांँग्रेस र माओवादीबाट निर्वाचित जनप्रतिनिधिले गाउँसभा बहिष्कार गरेका छन् । आर्थिक वर्ष २०८१/०८२ को बजेटमा असन्तुष्ट जनाउँदै १७ जना सदस्यले बुधबारको १६ औं गाउँसभाको अन्तिम बैठक बहिष्कार गरेका हुन् ।

नेपाली काँग्रेसबाट निर्वाचित १६ जना र माओवादीका एक जना गरी १७ जना सदस्यले एमालेबाट निर्वाचित जनप्रतिनिधिले एकलौटी गरेको आरोप लगाउँदै गाउँसभा बहिष्कार गरिएको बताएका छन् । विनियोजन विधेयकमाथि छलफल गर्न राखिएको बैठकमा शुन्य समयमा काँग्रेसबाट निर्वाचित वडा नं ९ का वडा अध्यक्ष थानेश्वर तिमिल्सिनाले बोल्दै गरेको बेला सभाबाट उठेर पालिकाका प्रवक्ता टिका थापाले टेवुल ठट्याउँदै बोल्न रोकेर जर्वजस्ती बजेट पारित गर्न थालेपछि



आफूहरुले गाउँ सभा बहिष्कार गरेको उनीहरुले पत्रकार सम्मेलन गरी जानकारी गराएका छन् । काँग्रेसबाट निर्वाचित वडा अध्यक्ष तिमिल्सीनाले एमालेबाट निर्वाचित साथीहरुले बहुमतको दम्भ देखाएर बजेट माथि छलफल नै नगराई एक्लौटी ढंगले पारित गर्न खोजेपछि आफूहरु सभा बहिष्कार गरेको बताए । कार्यपालिका बैठकमा सर्वसम्मतिको प्रयास नगरी एकलौटी गाउँसभा सञ्चालन गरी जवरजस्त पारित गर्न खोज्नु गलत भएको उनको भनाइ छ । 'विधेयक प्रस्तुत हुनु अघि बजेट माथि छलफल हुनुपर्ने भए पनि त्यसो नगरेको, पालिकाको पुँजीगत र चालु खर्चको विवरणमा कुनै पनि छलफल नगरिएको, कार्यपालिकामा छलफल नै नगरी रातारात एक्लौटी ढंगले १ करोड ७५ लाखका ७८ वटा योजना तयार गरेर बजेटमा समावेश गरेको, दायित्वको शिर्षक रकम बढी राखिएको, गाडी खरिदमा ६० लाख राखिएको, समपुरक अनुदानमा चाहिने भन्दा बढी रकम छुट्याइएको, नीति तथा कार्यक्रम अनुसार बजेट नल्याइएको, सार्वजनिक लेखा समितिका संयोजकले हिसाब माग गर्दा नदिएको र दिएको हिसाब पनि अपूर्ण र पादर्शी नभएको पाइएको छ' वडा अध्यक्ष तिमिल्सीनाले भने । काँग्रेसबाट निर्वाचित वडा नं .६ का वडा अध्यक्ष लक्ष्मी प्रसाद अधिकारीले असहमति जनाउँदा जनाउँदै कुनै पनि छलफल नै गर्न नदिइ एक्लौटी पाराले पेलेर जाने नियत राखेपछि आफूहरु सभाबाट उठेर हिडेको बताए । उनले विपद्को बेला जनताहरुको हितमा काम गर्नुपर्नेमा जथाभावी रुपमा आफू अनुकूलका योजनाहरु ल्याएर बजेटमा समावेश गरेको र अनावश्यक गाडी खरिदमा बजेट छुट्याएको उल्लेख गरे । **बाकी अन्तिम पेजमा...**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## विश्व जनसंख्या दिवसको सन्दर्भ

**विश्व जनसंख्या दिवस आज विभिन्न कार्यक्रम गरी मनाइँदै छ । संयुक्त राष्ट्रसंघले सन् १९८९ मा हरेक वर्ष ११ जुलाई अर्थात् आजको दिनलाई विश्व जनसंख्या दिवसका रूपमा मनाउने घोषणा गरेको थियो । जनसंख्याको मुद्दा र पर्यावरण तथा विकासका सम्बन्धमा जागरुकता फैलाउनु यस दिवसको मुख्य उद्देश्य हो ।**

**विश्वको जनसंख्या करिब ५ अरब पुगेको अवसरमा भएको पपुलेशन समितिले यो दिवस मनाउने घोषणा गरेको थियो । यो दिवसले अहिले लामो समय पार गरिसकेको छ । विशेषगरी जनसंख्यासँग सम्बन्धित रहेका मुद्दाहरुलाई केन्द्र बिन्दुमा राखेर देखिएका समस्याहरुलाई सम्बोधन गर्ने हेतुले दिवसको प्रारम्भ भएको मानिए पनि त्यसपछिको समयमा बढेको तीव्र जनसंख्याका कारण उत्पन्न परिस्थितिमाथि नियन्त्रण पाउन भने नसकिएको अवस्था छ । हाल विश्वको जनसंख्या ८ अर्बभन्दा बढी छ, जुन साढे तीन दशक अवधिभित्रमा ३ अर्बले वृद्धि हुन पुगेको छ । समग्र जनसंख्याको वृद्धिदरलाई हेर्दा त्यसले अहिले चिन्तालाई बढाइरहेको छ । यद्यपी जनसंख्या वृद्धि वास्तवमा अवसर हो या चुनौती भन्ने विषयमा भने विवाद शुरु भएको छ । वातावरण गम्भीर रूपमा बिग्रनुको कारण मानवीय व्यवहारलाई लिने गरिएको छ । मानवकै अज्ञानको कारणबाट नै वन विनाश, भूक्षय आदि हुने गरेको छ । तर सधैं जनसंख्या वृद्धि नकारात्मक पनि हुँदैन, अहिले विश्वका विकसित मूलुकहरुमा आफ्नो खस्कँदो जनसंख्याका कारण देशको भविष्य नकारात्मक बिन्दुमा पुगेका घटनाहरूले डरलाग्दो अवस्थाको सिर्जना गरेको छ । मान्छेहरु बच्चा जन्माउन भन्दा पनि काम, विकास र नवप्रर्वतनमा लागेकाले यसो भएको हो । जनसंख्या थोरै भएमा थोरै श्रोतले पनि गुणस्तरयूक्त जीवन धान्न मिल्ने तथ्य आफ्नो ठाँउमा छ तथापि विकास अनि समृद्धिका लागि चाहिने जनशक्तिको पूर्णता पनि जनसंख्याले नै गर्ने त हो । तर राज्यगत तहबाटै जनसंख्याप्रतिको दायित्वमा भेदभाव हुनुले वर्गीय, जातीय, लैङ्गीय तवरमै समानताको पहुँच पुग्न सकिरहेको छैन । अझ त्यसमा पनि धार्मिक अधिकारमा अङ्कुश लगाएर, यौन हिंसालाई बढवा दिएर, अपाङ्गताहरुको अधिकारबाट बञ्चित गराएर भैरहेका भेदभाव र उत्पीडनले जनसंख्याको ठूलो हिस्सा प्रभावित बनिरहेको छ । सिङ्गो विश्वलाई आदर्शको रुपमा लिइन थालिएको दशकौं भए पनि त्यसले मूर्तरुप पाउन नसक्ने खतरा भने झन्झन् बढ्दै गैरहेको छ । नेपालको सन्दर्भमा कुरा गर्दा जनसंख्याप्रतिको अहं दायित्वअन्तर्गत सुरक्षाको प्रत्याभूति, रोजगारीको सुनिश्चितता र शिक्षाको सुविधा देशमै उपलब्ध गराउन अब ढिलो गर्न हुँदैन । गरिबी र अभावले देशमा रहेको जनसंख्याको ठूलो हिस्सा निरन्तर पलायन भैरहने नियतिलाई अब पनि रोक्न सकिएन भने आउँदा दिनमा थप क्षति बेहोर्नपर्ने अवस्था आउनेछ । तसर्थ विदेश पलायन हुने जनसंख्यालाई स्वेदशमै रोक्न सकिएन भने दिवस मनाउनुले सार्थकता प्राप्त गर्न सक्दैन ।**

## Opinion @ Social Network

आस्था, श्रद्धा मनबाटै गरिन्छ, धेरै पछि परिन्छ,
सम्मान हिजो जस्तै आजसम्म सत्ज्ञान सिकेर नै ज्ञान छरिन्छ ।
*(कमला न्यौपानेको फेसबुक स्टाटसबाट www.facebook.com//Kamala.N.1)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कमनसेन्स र यसको अन्तर्य

जगन्नाथ पन्त



स्वभाविक ज्ञान, सहज बुद्धि सबैमा हुन्छ । प्रकृति प्रदत्त ज्ञान सहज ज्ञान हो । मनुष्य र सारा प्राणीमा कुन काम गर्न हुन्छ र हुँदैन भन्ने ज्ञान जन्म देखिनै जुन हुन्छ त्यो सहज ज्ञान हो । अंग्रेजी वाक्य कमन सेन्स नेपालीको पनि बोलिचाली बनेको छ । दुई वा सो भन्दा बढी व्यक्तिले गर्ने कार्य,समूह, साझा प्रयोग कमन हो । कमन वेडरुम, कमन वाथरुम जस्ता बोलि सहजै बोलिन्छ । भाव, इन्द्रिय, होस, हवास, लवज, मतलव, अर्थ, माने, आशय, अभिप्राय, तुक, सार, संज्ञा, संवेदना, अभिधेय, समझ, विवधा, छनक आदि सेन्स हुन् । अ नेचुरल एप्लिकेसन अफ अविलिटी सेन्स हो । सामान्य भन्दा सामान्य बुद्धिको उपयोग वा अभ्यास गर्नु कमनसेन्स हो ।

अन्टसन्ट बोल्ने, असभ्य वोल्ने र अस्वभाविक व्यवहार गर्नेलाई कस्तो कमन सेन्स नभएको भनेर टिप्पणी गरिन्छ । यस्तोलाई नेपालीमा सोमत नभएको पनि भनिन्छ । राम्रो किसिमको आनीवानी, सभ्य आचरण ,सभ्यपन, शिष्टता, भङ्गता छ भने सोमत भयो नत्र सोमत नभएको, कमन सेन्स नभएको भयो । कमन सेन्स शारिरीक र मानसिक दुई रुपमा हुन्छ । दृष्टि, शब्द, गन्ध, स्वाद, स्पर्श शारिरीक सेन्स हुन् । तरकारी नुनिलो चिया गुलियो पकाउनु कमनसेन्स हो । कुनै विषयमा यथोचित बुझकी हुनु कमनसेन्स हो । स्वस्थ्य र प्रज्ञावान निर्णय कमन सेन्सका मानक हुन् । अर्थात् पक्षपातरहित, पूर्वाग्रहरहित व्यवहार । उचाईबाट हाम फाले अंगभंग हुन्छ, मरिन्छ, आगो वा तातोले पोल्छ, वरफ वा हीउं चिसो हुन्छ कमनसेन्स हो । जाडोमा न्याना वाक्ला कपडा र गर्मिमा हल्का कपडा लगाउनु कमन सेन्स हो । भोक लागे भोजन, प्यास लागे पानी, निद्रा लागे सुत्नु,थकाई लागे आराम गर्नु,बिरामी भए उपचार गर्नु पर्छ भन्ने ज्ञान कमन सेन्स हो । ठूलालाई आदर, सानालाई माया, दुखिलाई दया गर्नु कमन सेन्स हो ।

सहज ज्ञानका सहज कुरा गरिसकेपछि सहज ज्ञानका हाम्रो अभ्यासको अवस्था नियाल्दा हामी सहज छौं कि असहज । आदर्श आचरण र पालना, मान्यजन्य प्रतिको पालना, शिक्षा, तालिम, शिक्षण प्रक्रिया, सार्वजनिक सेवा दिदा र लिदाका अवस्था र व्यवहार, अदप, नियमितता, सुव्यवस्था, संयंम, आत्म संयममा हामीमा कमन सेन्स कस्तो छ ? सामाजिक, नैतिक, धार्मिक, राजनीतिक नियमावली भित्र रहेर तत् व्यवहार गरेका छौ कि देखावटी । सिंहदरबारले सेवा र सुविधा प्रवाह गर्दैन तर सिर्जना गर्छ । सिर्जना गर्ने ठाउमा प्रवाह गर्ने जनशक्ति खचाखच तर प्रवाह गर्ने कार्यालय अझ मोफसलमा दरवन्दी कम र पूर्ति कम भएपछि धेरैको काम थोरैले गर्दा हुने विलम्बमा खप्कि र दप्कि बेहोर्नेका बेथा न जनताका कमन सेन्समा छ न खटन पटन गर्नेका । कुनै काम लिन के-के कागजात लिएर जाने र पालो कुर्ने भन्ने कमन सेन्स भन्दा पनि भनसुन

> *विदेशी पल्टनमा भर्ति खुल्यो, उमेर पुगेन बढायो, बढी भयो घटाएर दुईवटा नागरिकता लिने, भर्ति मिलेन खाडी गयो यो कमनसेन्स अहिले ई पासपोर्टले समात्यो नमिल्ने भए पहिले किन दियो यस्तो छ कमनसेन्स । जान्ने मान्छे ठूला मान्छेले एउटा रद्द गरायो, झन् ठूलो पद खायो, मिल्लात नि भनेर लहलहैमा गर्नेले थुन्छ रे भनेर अनागरिकझैं बनेर गुपचुप छ, फरक छ कमनसेन्सको बुझाइ र भोगाई । बेलायतमा चुनाव भयो, मत गनिनसक्दै हार्नेले जित्नेलाई बधाई दियो, सरकार हस्तान्तरण गऱ्यो । भारतमा चुनावी गठबन्धन गरे । गठबन्धनको धेरै सिट पाउनेलाई प्रम चुने । यहाँ चुनाव सकियो जसको मतले जित्यो उसलाई छोडेर अर्कोसँग मिल्छ । धेरै ल्याउने थौरै ल्याउनेलाई सुम्पिन्छ, जेठाले नदिए माइलाले दिन्छ, साईलाले र काईलाले हल्लाउछ, त्रसाउछ, छलाङ मार्छ, पालो पालो पछार्छ, फकाउछ, जिल्याउछ, डण्डा लाउछ लखट्छ फेरी रोटी देखाउछ चे चे भन्छ भुलाउछ । अरु मिले अपवित्र आफुसँग मिले पवित्र भन्छ । बहुमत पुग्ने भए चमत्कार छ भन्छ, नभए सजिलै दिम्लार खालास भन्छ ।*

गराउने र चिनजानको खोज्ने कमन सेन्स स्थापित छ । संसदमा माननीयहरु निदाउएर घुर्नु हुन्छ उपसभामुखकै मुखबाट उजगार हुँदा संसद सांसदको निदाउने ठाउँ हो भन्ने कमन सेन्स लगाउन नमिल्ला र ? विश्वास, अविश्वासको र राष्ट्रपतिले वाचन गर्ने बैठक बाहेक विपक्षी दलका नेता, ठूला दलका प्रमुख संसदमा उपस्थित हुन सुहाउँदैन भन्ने कमन सेन्स लगाउने कि नाई ? संसदको बैठकमा एक सिटे चित्रबहादुर र प्रेम सुवाल नहुने हो भने ज्ञानेन्द्र शाही नहुने हो भने कसले बोलेको सुन्ने नियमित विषयमा । अझ खुद्रे पसल बन्द गराउ रे । थोक पसल त सरकार बनाउने र गिराउने विषयमा खुल्छन्, अघिपछि धानेकै खुद्रे पसलेले हो । खुद्रे पसल बन्द गराउने हो भने थोक पसल खुली रहनु पऱ्यो नि होइन र कमन सेन्स । प्रधानमन्त्री निवास दलका र क्याविनेट बैठक गर्ने ठाउँ हो भन्ने कमन सेन्स भएको छ । जुन दलको मन्त्री छ, उनका दल सम्बन्धी बैठक पनि मन्त्रालयमा गर्दा तारे होटलका खाजा खर्च मन्त्रालयकै कामको हुने कमन सेन्स छ ।

नेपालीले विदेशी प्रवेशाज्ञा लगाएर विदेश गयो भने उसको सहज ज्ञान अर्कै हिसावले पलाउछ । नेपालमा बसो भने अर्कै हिसावले । स्वदेशमा कुकुरलाई सडकमा, अर्काको गेटमा, अन्य सार्वजनिक स्थानमा मुताउँछ, हगाउछ, आफ्नो घरको फोहोर खालि ठाउँमा, खोलामा सुटुक्क मिल्काउछ, यहाँ छदा लाइन बस्न, पालो कुर्न पर्द रिसाउछ, घरमा गिलास, थाल पिलेट

सफा गर्न लजाउछ । नुहाएपछि कट्टु धुन्न, पखाली हालो भने सुकाउन्न, सुकाइहालो भने उठाउन्न, जीउ पुछेर चिसो टावेल सुकाउन्न । उसको सहज ज्ञानले यसो गर्न दिदैन । उता गएपछि रेष्टुरेन्टमा भाडा माझ्छ, सार्वजनिक ट्वाइलेट टल्काउछ, उताका बुढाबुढीलाई नुहाइदिन्छ, खुवाइ दिन्छ , धुवाइ दिन्छ । अनि फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएपमा पोष्ट गर्छ, ट्वीट गर्छ, नेपालका नेता र कर्मचारीलाई सराप्छ देश बिगारे भनेर । भन्छ नेपालमा काम गर्ने वातावरण नै छैन् । उता कोदाको बाला टिप्छ, केरा बोक्छ, स्याउ, सुन्तला प्याक गर्छ,ऊट चराउँछ, चार घण्टामा निद्रा पुऱ्याउछ । यता हुँदो सोह्र घण्टा सुत्छ, पल्सर कुदाउँछ, सुकुटे जान्छ, त्रिशुली जान्छ, माछा चपाउछ, बियर निल्छ, बाउआमालाई सताउछ, धम्काउछ, लुट्छ, गलफ्रेण्ट, व्यायफ्रेण्ड भन्छ अल्लारिन्छ, बरालिन्छ । ट्राफिक नियम मान्दैन, जान्दा पनि जान्दैन । सडक पेटी नभएका ठाउँमा दाया पट्टिबाट पैदल हिड्न जानेन, सिकेन, सिकाएनन् । बाँया लेन ड्राइभिङ्ग भएको देशमा पैदल यात्री दायाँबाट भन्ने न बाउले जाने नआमाले, न चालकले, न ट्राफिकले, न पाठ्यक्रमले, न शिक्षकले । लेफ्टसाइड ड्राइभिङ्ग भएका ठाउँमा दायाबाट हिड्दा बाँयाबाट हिड्ने गाडी पर पर्छ, र सामुन्नेबाट आाउने गाडी सजिलै देख्न मिल्ने भइ बढी सुरक्षित हुन्छ भन्ने कमन सेन्स जानेकै छैन्, आकासे पुल देख्दैन, जेव्रा क्रसिङमा रोक्दैन । नाक मुख नछोपी

हाछिउ गर्छ, खोक्छ, सडकमै थुक्छ, गुट्का, खैनिका खोल, चुरोटका ढुटा, चकलेट, चाउचाउ, विस्कुट, कुरकुरे, चिप्सका खोल सडकमै फाल्छ अनि भन्छ सरकारले सफा गर्दैन । उता यसो गरे जरिवाना, जेल हुन्छ भन्ने बुझेको छ, अरुलाई पनि सिकाउछ आखिर हो त नेपाली सहज ज्ञान भने फरक-फरक अवलम्बन गर्छ । विदेशी पल्टनमा भर्ति खुल्यो, उमेर पुगेन बढायो, बढी भयो घटाएर दुईवटा नागरिकता लिने, भर्ति मिलेन खाडी गयो यो कमनसेन्स अहिले ई पासपोर्टले समात्यो नमिल्ने भए पहिले किन दियो यस्तो छ कमनसेन्स । जान्ने मान्छे ठूला मान्छेले एउटा रद्द गरायो, झन् ठूलो पद खायो, मिल्लात नि भनेर लहलहैमा गर्नेले थुन्छ रे भनेर अनागरिकझैं बनेर गुपचुप छ, फरक छ कमनसेन्सको बुझाइ र भोगाई । बेलायतमा चुनाव भयो, मत गनिनसक्दै हार्नेले जित्नेलाई बधाई दियो, सरकार हस्तान्तरण गऱ्यो । भारतमा चुनावी गठबन्धन गरे । गठबन्धनको धेरै सिट पाउनेलाई प्रम चुने । यहाँ चुनाव सकियो जसको मतले जित्यो उसलाई छोडेर अर्कोसँग मिल्छ । धेरै ल्याउने थौरै ल्याउनेलाई सुम्पिन्छ, जेठाले नदिए माइलाले दिन्छ, साईलाले र काईलाले हल्लाउछ, त्रसाउछ, छलाङ मार्छ, पालो पालो पछार्छ, फकाउछ, जिल्याउछ, डण्डा लाउछ लखट्छ फेरी रोटी देखाउछ चे चे भन्छ भुलाउछ । अरु मिले अपवित्र आफुसँग मिले पवित्र भन्छ । बहुमत पुग्ने भए चमत्कार छ भन्छ, नभए सजिलै दिम्लार खालास भन्छ । हुन पनि जुगाड मिलाउन अवधि सबैले लिएकै हुन । सहज ज्ञान भन्छ दलका राजनीतिक, कुटनीतिक, आर्थिक, सामाजिक, न्यायिक, सांस्कृतिक सिद्धान्त हुन्छ । दलका नेतागण भन्छन् यात्राको सिद्धान्त जसरी, जसँग नि गठबन्धन हुन्छ, सके थाल भरी नभए कटौरामा भाग लगाईन्छ । आफु भए उपलब्धी अरु भए घेराबन्धी । काण्ड खोलिन्छ, कारवाही गरिन्छ । बुढाहरु मर्लान् र पालो आउला भनेका कुर्लन्छन् लौ खोल, गर कारवाही, ताकत देखा । बुढाहरु मुसुमुसु, सहमति नटुट्ने, घात नहुने भनेकै, मिल्ने भनेकै यसैमा हो, झर्ला र खालास । भुटानीमा, सुनमा, ललितमा देखिनस् र ? के को वगान, सगान जस्ता कुरा गर्छस् । खै तेरो सहज ज्ञान, खै तेरो कमन सेन्स । यो सरकार पुरै अवधि टिक्छ, यो गठबन्धन बीस बर्ष चल्छ भन्छ भने आयु सकिन लागेछ भनेर कमन सेन्स बनाए हुने भाछ । अब बन्नेले पनि कथित सहमतिको पालो सकिए पछि छोड्न मानेन् भने के हुन्छ ? कमनसेन्स लगाएकै होला । एउटासँग अर्काको विश्वास संशयपूर्ण छ, विगतका अभ्यासले राखेको कमन सेन्सेले भन्छ । नुन, तेल, चिनी, दाल, चामल, ग्यास जति पनि आपूर्ति छ भनेको सुन्ने वित्तिकै जनताले अतिरक्त भाउ तिरेर अतिरिक्त परिमाण जम्मा गर्ने देशमा कमनसेन्सको कमन सेन्स बुझ्न कठिन छ । यो वर्ष मनुसनले ताण्डव देखाउँदै छ । सुरक्षित बसौं, अलर्ट रहौं, अनावश्यक यात्रा नगरम कमनसेन्स लगाम ।

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आम्दानी बढाउने काम सुरु गरीनेछ । नयाँ वस्त्रको प्राप्ति पनि हुनसक्छ । | **तुला** : खर्चको लागि समस्या हुन सक्छ । साँझमा भने शुभ समाचार मिल्नेछ । |
| **वृष** : तनाव सिर्जना हुनसक्छ । व्यवसायमा नोक्सानी बेहोर्नु पर्नेछ । | **वृश्चिक** : अधुरा कामहरू पुरा हुनेछन् । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **मिथुन** : सहयोगीहरू अघि बढ्नेछन् । वित्तिय संस्थाबाट सहयोग पाइनेछ । | **धनु** : नयाँ व्यक्ति सँग भेटघाट हुने समय छ । साहित्यिक क्षेत्रमा रूचि बढ्नेछ । |
| **कर्कट** : स्वास्थ्यमा समस्या आउनेछ । सहकर्मीबाट विरोध आउला । | **मकर** : धार्मिक र सांस्कृतिक सभा समारोहमा सरिक हुने सम्भावना छ । |
| **सिंह** : मित्रबाट राम्रो सहयोग मिल्नेछ । आनो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । | **कुम्भ** : अधुरा कामहरू पुरा हुनेछन् । रमाइलो यात्राको योग रहेको छ । |
| **कन्या** : जोश जाँगर र उमंग बढ्ला । आर्थिक कारोवारमा सफलता पाइएला । | **मीन** : व्यक्तित्वमा निखारता ल्याउनेछ । अचल सम्पत्ति हात पर्ने योग छ । |




बालनिबन्ध — कमल रिजाल

# जस्तो समस्या, उस्तै समाधान

प्रायः हामी भन्ने गर्छौं समस्या ठूलै छ तर त्यो भन्ने कुरा मात्र हो । वास्तवमा समस्या यत्रै हुन्छ भन्ने नै हुँदैन । न उसको स्वरूप यस्तै हो भन्ने हुन्छ, न यत्रै हो भन्ने हुन्छ । प्रकृतिको प्रयोगशालामै छैन, उसको स्वरूप निर्माण गर्ने कारखाना । प्रकृतिको गर्भमै छैन, त्यस्तो स्वरूप ढाल्ने साँचो । सारमा यति बुझौँ, न उसको आफ्नै स्वरूप छ, न सत्ता नै । यसको अर्थ हो, तपाईंको स्वरूप कत्रो छ, सोच कस्तो छ, उसको स्वरूप पनि त्यस्तै भइदिन्छ । मानौँ तपार्ईं अर्बपति हुनुहुन्छ भने तपाईंका समस्या पनि त्यत्रै हुनेछन् । होइन नेता, मन्त्री, सांसद हुनुहुन्छ भने समस्या पनि त्यत्रै हुनेछन् । व्यापारी हुनुहुन्छ भने कुन स्तरको हुनुहुन्छ, सोही अनुसारको स्वरूप निर्माण भइदिन्छ । भिखारीको समस्या पनि आफ्नै स्तरको हुन्छ । यसको अर्थ हो कुकुरको समस्या कुकुर जस्तै र जत्रै हुन्छ, ढुकुरको समस्या ढुकुर जस्तै र जत्रै हुन्छ ।

वास्तवमा समस्या बाहिरबाट आउने कुरा पनि होइन । र, अरुका कारण उत्पन्न हुने पनि होइन । यसको स्रोत पनि तपार्ईं नै हो, कारण पनि तपाईं नै हो । जन्माउने पनि तपाईं, हुर्काउने बढाउने पनि तपाईं, बोलाउने पनि तपाईं, केलाउने पनि तपाईं । अरू त निमित्त मात्र हुन्, मूल तपाईं नै हो । समस्याका सङ्ख्या पनि त्यस्तै हो । यो पनि यति नै हुन्छ भन्ने हुँदैन र यस्तै हुन्छ भन्न पनि सकिन्न । तपाईं जति बनाउनुहुन्छ, बनाउन चाहनुहुन्छ, त्यति नै बन्दै जानेछन् । सही अर्थमा यो गणना गर्नै नसकिने बस्तु हो भन्नु मनासिव हुनेछ । आज संसारमा जे जति समस्या देखिएका छन्, तिनका कारण मानिस नै हुन्, मानिसकै कारण भएका हुन् । मानिसकै कारण खानामा समस्या आयो, नानामा समस्या आयो, काममा समस्या देखियो, मामको समस्या देखियो । शिक्षाको समस्या पनि यस्तै हो, शास्त्रको समस्या पनि यस्तै हो, राजनीतिक समस्या पनि यस्तै हो, सामाजिक समस्या पनि यस्तै हो । युवाको समस्या पनि यस्तै हो, प्रौढको समस्या पनि यस्तै हो । बालबालिकाका समस्या पनि यस्तै हो, अविभावकका समस्या पनि यस्तै हो । जीवनको समस्या पनि यस्तै हो, जगतको समस्या पनि यस्तै हो । वर्तमानको समस्या त देखेभोगेकै कुरा हो । भूतमा पनि यस्तै थियो, भविष्यमा पनि यस्तै हुनेछ । भित्र पनि यस्तै, बाहिर पनि यस्तै, तल पनि यस्तै, माथि पनि यस्तै । जहाँ हुनुहुन्छ त्यहीँ समस्या । जहाँ पुग्नुहुन्छ, त्यहीँ समस्या ।

जहाँ पनि समस्या, जहिले पनि समस्या, समस्या नै समस्या । यही हो तपाईंको जीवनको स्थिति, यही हो जगतको ऐना । यद्यपि समस्याका कारण यही हो र यति नै छ भन्नै सकिन्न । तथापि यसको मूल खोज्दै जानुभयो भने दुईवटा भेट्टाउनु हुन्छ, ती हुन् राग र द्वेष । कुनै चीज प्राप्त भयो, त्यसैले अर्को आवश्यकता खडा गरिदिन्छ, प्राप्त भएन रिस उठ्छ । गीतामा कृष्णले यसको राम्रो उदाहरण प्रस्तुत गरेका छन् । तथापि यिनका व्यावहारिक स्वरूप भने धेरै पाउनु हुनेछ । जस्तो समस्या त्यस्तै कारण, जति समस्या त्यति नै कारण । रोगका लागि रोगी वातावरण नै कारण, भोकका लागि अशिक्षा, अविद्या, बेरोजगारी नै कारण, शोकका लागि जन्म, मृत्यु, जरा, व्याधी नै कारण । यसलाई निम्न उदाहरणबाट थप बुझ्न सकिन्छ । मानिलिनुस् तपाई बेरोजगार हुनुहुन्छ, बेरोजगार समस्याले हैरान हुनुहुन्छ । यसको कारण के हो ? तपाईंकै अशिक्षा वा अविद्या नै त हुन् नि ? तपाईं विद्यार्थी हुनुहुन्छ । परीक्षामा अनुत्तीर्ण भएर हैरान हुनुहुन्छ । कतिले त यसैका कारण आत्महत्या नै गरेका छन् । तपाईं बुद्धिजीवी हुनुहुन्छ, त्यो हदसम्मको मूर्ल्याईं गर्नुभएको छैन तर हैरान भने हुनुहुन्छ, चिन्तित हुनुहुन्छ । यतिबेला त्यही अनुत्तीर्ण हुनु नै तपाईंको समस्या हो, हो कि होइन ? यदि हो भने त्यसको कारण के हो थाहा छ ? तपाईंले पढाइमा ध्यान दिनुभएन, पढ्नेबेला ध्यान अन्यत्रै लगाउनुभयो, यिनै त हुन् । त्यस्तै मनिलिनुस्, राती निद्रा नलागेर हैरान हुनुहुन्छ । यतिबेला निद्रा नआउनु वा निदाउन नसक्नु तपाईंको समस्या हो नि, होइन र ? हो भने त्यसको कारण के होला त ? श्रम नगर्नु, बढी श्रम गर्नु, अनावश्यक चिन्ता गर्नु, मानसिक रोगको शिकार हुनु आदि नै त हुन् । एवं रीतले हेर्दै जानुभयो भने, केलाउँदै जानुभयो भने तपाईंका जति समस्या छन्, जति समस्या बनाउनुभएको छ, त्यति नै कारण भेट्टाउनु हुनेछ । जत्रो समस्या बनाउनु भएको छ, त्यत्रै कारण पाउनु हुनेछ । भनिन्छ नि, जति भाँडो त्यति नै चुपुर्को, जत्रो भाँडो त्यति नै कनिका । यहाँ पनि भएको त्यस्तै हो । जति समस्या, त्यति नै कारण । जत्रो समस्या, त्यत्रै कारण । समस्या जे भए पनि र जत्रो भए पनि के बिर्सन हुन्न भने समस्याको स्रोत हामी आफैँ हो, समस्याको कारण हामी आफैँ हौँ । यसमा जे जति अन्य कारण पाउनुहुन्छ, भेट्टाउनुहुन्छ ती सबै निमित्त हुन् । मूल कारण तपाईं आफैँ हो । त्यसैले समस्या बाहिर छैन । तपाई भित्रै छन्, तपाईंभित्रै खोज्नुपर्छ । समस्याका कारण संसार होइन, तपाईं आफैँ हो । समस्या संसारमा छैन, तपाईं भित्रै छ । जब कारण पत्ता लाग्छ वा लगाउन सक्नुहुन्छ, तब समाधान आफैँ निस्कँदै जानेछ ।

*-रातोपाटी डटकम*

## सामान्य ज्ञान

१. नेपालको हाल शिक्षा मन्त्री को हुन ?
उत्तर: सुमना श्रेष्ठ

२. नेपालको पूर्व-पश्चिम औसत लम्बाइ कति रहेको छ ?
उत्तर: ८८५ कि. मी.

३. नेपाल एसियाको कुन भाग मा अवस्थित छ ?
उत्तर: मध्य भाग

४. नेपालको सिमाना कति डिग्री अक्षांसमा फैलिएको छ ?
उत्तर: ८० डिग्री ०४ मिनेट पुर्वी देशान्तरदेखी ८८ डिग्री १२ मिनेट पुर्वी देशान्तरसम्म

५. काजकिस्तानले आफ्नो देशको राजधानीको नाम परिवर्तन गरी के नामाकरण गरेको छ ?
उत्तर: नुर सुल्तान

६. मन्दिरै मन्दिरको सहर भनेर कुन सहरलाई चिनिन्छ ?
उत्तर: काठमान्डौ

७. हाल नेपालमा गरिबीको सङ्ख्या कति प्रतिशत रहेको छ ?
उत्तर: २०.२७ प्रतिशत

८. बाहिर ब्रोक्रो, त्यही भित्र बोसो, त्यही भित्र काठको ठोसो के हो ?
उत्तर: लिची

९. सति प्रथाको अन्त्य कहिले भएको थियो ?
उत्तर: वि.स १९७७

१०. नेपाल समुद्र सतहदेखि कति किलोमिटर टाढा रहेको छ ?
उत्तर: ११२६ किलोमिटर

११. सुपारी विवाह कुन जातिमा प्रचलित छ ?
उत्तर: धिमाल

१२. हाल नेपालमा स्थानिय तह कति रहेको छ ?
उत्तर: ७५३

१३. हाल नेपालमा जातजातीको सङ्ख्या कति रहेको छ ?
उत्तर: १४२ जातजाती

१४. कम्प्युटरका पिता भनेर कसलाई चिनिन्छ ?
उत्तर : चार्ल्स ब्याबेज

१५. नेपालले विश्वको कति प्रतिसत भूभाग ओगटेको छ ?
उत्तर : ०.०३ प्रतिशत

कथा — हेम गुरागाईं

# रहर

*आफ्नो भाग्य आफैँ बनाउन सक्ने हुनुपर्छ । संसारमा धेरै शरणार्थीले ठूल्ठूला काम गरेका छन् । प्रधानमन्त्रीले भन्दा निकै धेरै 'रेस्पेक्ट' पनि पाएका छन ।' 'अँ । अल्बर्ट आइन्स्टाइन पनि कुन चैं देशको ' रिफ्युजी अरे ? तपाईँले भन्नु भाकोथ्यो नि !' आइन्स्टाइनको तस्वीरतिर औँलाले देखाउँदै छोरी मुस्कुराउँछे । 'जर्मन शरणार्थी'!' चन्द्रेले छोरीलाई लुगा फेर्न इशारा गर्दै जवाफ दिन्छ र आफू 'किचन' तिर लाग्छ । लुगा फेरेर छोरी 'किचन' मै आउँछे । 'बाबा, शर्नार्थीले प्रधानमन्त्री भेट्न पाउँछन् ?' 'किन र ?' 'कस्तो भेट्न मन लागो हौ !' 'किन नि ?' 'सोध्नु छ, के शरणार्थी मान्छे होइनन् ? शरणार्थीलाई 'इक्वालिटी' र 'राइट्स किन नदेको ? अनि म त नेपालमै जन्मेको' म नेपाली होइन ? कसरी ?' 'कुरा गहिरो छ, छोरी । एकै चोटि सबै बुझ्न खोज्नु हुन्न । बिस्तारै बुझ्दै जानेछौ । रह्यो कुरा 'राइट्स र इक्वालिटी ! को । त्यति पाउनु भने त हामी पनि मान्छेमा गनिन्थ्यौँ, शरणार्थी रहँदैनथ्यौँ । तर 'राइट्स दिनलाई त दिनेको छातीमा दम हुनुपर्छ । आफ्नो-बिरानो छुट्याउन पनि त सक्नु पर्‍यो । प्रधानमन्त्री भेट्ने उनको रहर त मानौं युद्ध हारेर पनि हार मान्न नजान्ने कुनै जिद्दी सेनापति वा राजा हो ।*

चन्द्रे पानीको तिर्तिरे धारो छेउ उभिएको निकै बेर भयो । स-साना बोतल र जर्किन भर्नु छ उसलाई । पानी पर्याप्त छैन । मुस्किलले चलेको छ । कहिलेकाहीँ त पानी नै आउँदैन । 'साठी हजार मान्छेले यही ठाउँमा छेलो खेलो पानी पाएका हुन् । आज आएर छ हजार मान्छेलाई किन नपुगेको होला ? बल्ल बल्ल छाप्रै-पिच्छे धारा दिने अरे । कम्तीमा ८-१० हजार तिर्नु पर्ने अरे । अमेरिका तिरको कुनै डायस्पोरा समूहले खाने पानी संस्थानको खर्च बेहोर्ने कुरा सुनिएको हो । के आधा-अधुरो मात्र तिर्न सकेछन् त ? सबै समूहहरू र व्यक्तिहरू मिलेनछन् ? के दात्री संस्थाको ठाउँमा डायस्पोरा खडा छ अरे भन्ने हल्ला साँचो होइन त ? हुन त कहाँको दात्री संस्था कहाँको डायस्पोरा' जे भए पनि यता र उताका सबै मिलेर कोष खडा गर्नु हो भने त यत्रो भार पर्ने नै थिएन । हैट ! घरमा मुसा रोएको बेला छोरा-छोरीका मुखको गाँस '! सबैसँग थोरै-थोरै उठाउने भए त गाँसै कटाएर भए पनि दिने थिएँ अलिकति त ।' पानीका बोतल बोकेर छाप्रोभित्र छिर्न लाग्दा स्कुलबाट चन्द्रेकी छोरी आइपुग्छे । चन्द्रेले छोरीतिर पुलुक्क हेर्छ । 'बाबा, छोरी मान्छे प्रधानमन्त्री बन्न सक्छन् ?' छोरीले सोध्छे । एक छिन सोचेर बोल्छ चन्द्रे, 'छोरी मान्छे त प्रधानमन्त्री मात्र होइन जे पनि बन्न सक्छन् । तर शरणार्थी चैँ कहिल्यै पनि प्रधानमन्त्री बन्न सक्दैनन् । तर तिमीले यो किन सोधेकी ? तिमीलाई थाहा छ र प्रधानमन्त्री भनेको के हो ?' 'अँ, थाहा छ । किताबमा छ । अनि 'मेरो ड्यान्स युनिवर्स ! मा देखेको नेपालको प्रधानमन्त्री ।' 'कहाँ हेऱ्यौ त 'मेरो ड्यान्स'?' 'नायुको घरमा । टिभी छ नि उसकोमा ।' चन्द्रे मुन्टो हल्लाएर मौन रहन्छ । 'बाबा, हामी शर्नार्थी है ?' छोरीले मौनता भद्र गर्छे । 'अँ ।' 'के हो शर्नार्थी भनेको, बाबा ।' 'अर्कै देशबाट आएको मान्छे ' त्यहाँ 'सेफ्टी' नभएर'।' 'ए, हामी भूटानबाट आको है ? भूटानबाट हामीलाई कसले खेदाको ? किन'? तर म त नेपालमै जन्मेकी हुँ त ! होइन र' अनि किन'?' 'यी सब कुरा म तिमीलाई बिस्तारै बुझाउँछु । अहिले लुगा फेरेर 'फ्रेस ! होऊ । त्यै प्रधानमन्त्री नै किन बन्नु पर्‍यो ? आफूलाई 'स्ट्रङ् एन्ड एबल' बनाउनु ठूलो कुरा हो । आफ्नो भाग्य आफैँ बनाउन सक्ने हुनुपर्छ । संसारमा धेरै शरणार्थीले ठूल्ठूला काम गरेका छन् । प्रधानमन्त्रीले भन्दा निकै धेरै 'रेस्पेक्ट' पनि पाएका छन ।' 'अँ । अल्बर्ट आइन्स्टाइन पनि कुन चैं देशको ' रिफ्युजी अरे ? तपाईँले भन्नु भाकोथ्यो नि !' आइन्स्टाइनको तस्वीरतिर औँलाले देखाउँदै छोरी मुस्कुराउँछे । 'जर्मन शरणार्थी'!' चन्द्रेले छोरीलाई लुगा फेर्न इशारा गर्दै जवाफ दिन्छ र आफू 'किचन' तिर लाग्छ । लुगा फेरेर छोरी 'किचन' मै आउँछे । 'बाबा, शर्नार्थीले प्रधानमन्त्री भेट्न पाउँछन् ?' 'किन र ?' 'कस्तो भेट्न मन लागो हौ !' 'किन नि ?' 'सोध्नु छ, के शरणार्थी मान्छे होइनन् ? शरणार्थीलाई 'इक्वालिटी' र 'राइट्स किन नदेको ? अनि म त नेपालमै जन्मेको' म नेपाली होइन ? कसरी ?' 'कुरा गहिरो छ, छोरी । एकै चोटि सबै बुझ्न खोज्नु हुन्न । बिस्तारै बुझ्दै जानेछौ । रह्यो कुरा 'राइट्स र इक्वालिटी ! को । त्यति पाउनु भने त हामी पनि मान्छेमा गनिन्थ्यौँ, शरणार्थी रहँदैनथ्यौँ । तर 'राइट्स दिनलाई त दिनेको छातीमा दम हुनुपर्छ । आफ्नो-बिरानो छुट्याउन पनि त सक्नु पर्‍यो । भो, धेरै अरूको आश गर्नु हुन्न । हाम्रो त जीवन आशै-आशमा बित्ने भो । तिमीले आफ्नो बाटो पहिल्याउनू'!' चन्द्रे बोल्दा बोल्दै झस्किन्छ, उसका यी भावुक कुरा कति बुझिहोली उसकी १२ वर्षकी छोरीले ? 'अनि कि, बाबा'!' छोरीको आवाजले फेरि झस्किन्छ । उसको जिज्ञासा बढिरहेको छ । मानौँ त्यो कुनै बाँध फुटाएर बौलाउँदै ओरालो झरेको बाढी हो । छेकेर कहाँ छेकिन्छ र भावनाको भेल ? यता चन्द्र भने त्यही भेललाई रोक्न नसकेर भित्रभित्रै आत्तिएको छ । 'अनि अमेरिका गएका हाम्रा मान्छे पनि 'शर्नार्थी' नै त हुन् नि होइन र ? फेरि कसरी उनीहरूले चैं प्रधानमन्त्री भेट्न पाए ?! छोरीको जिज्ञासाको आँधी रोकिने छाँट छैन ।

प्रधानमन्त्री भेट्ने उनको रहर त मानौं युद्ध हारेर पनि हार मान्न नजान्ने कुनै जिद्दी सेनापति वा राजा हो । 'उनीहरू पनि शरणार्थी थिए । अहिले होइनन् । अमेरिकाले उनीहरूलाई 'राइट्स ! दियो । मौका पनि दियो । उनीहरू अमेरिकन भए । अरू धेरै कुरा छन् यसमा । पछि भनुँला ।' 'हामी पनि अमेरिका जाम् न । पाइँदैन र जान ? खुलेको छ अरे त ! म पनि अमेरिकन हुने । अनि नेपाल आएर प्रधानमन्त्री भेट्ने ।' 'हाम्रो देश, 'राइट्स एन्ड जस्टिस', सम्पत्ति सब खोसिएको छ । तिम्रो दाजु भूटानको जेलमा छ । तिम्रो काका भूटानमै हराएको आजसम्म अत्तोपत्तो छैन । तिम्रो एक मात्र मामालाई भूटानको आर्मीले स्कुलमा कुटेर मारेको तेत्तीस वर्ष भयो । तिम्रो उमेर १८ वर्ष भएपछि आइ.डी. कार्ड पाउँछौ । अनि तिमी अमेरिका जानु । हामी जाँदैनौँ । तिम्रो दाजुलाई पर्खेर बस्छौँ । बाचुन्जेल पर्खिने हो । भेटै नभई मरिएछ भने पनि ठिकै छ । उसले जेलमा थुनिँदा त भएकै छ भने हामीले अमेरिका नजाँदा के होला र ?' छोरीको अनुहार अँध्यारो हुन्छ । पुलुक्क आफ्नो बाउतिर हेर्छे । नजर हटाएर पेटी छेउमा भर्खरै उम्रेका मखमली र सयपत्रीका बिरुवातिर हेर्छे । उसको अनुहार झन् अँध्यारिन्छ । शिर झुकाएर अवरुद्ध कण्ठ खुलाउने प्रयासमा भन्छे, 'भो, नजाने अमेरिका । दादालाई पर्खेर बस्ने'!' चन्द्रेले छोरीको अनुहारको भाव पढ्छ । छोरी अरू धेरै कुरा बोल्न चाहन्छे सायद । बोल्न चाहेर पनि उसको गला पुरै अवरुद्ध भइसकेको छ । चन्द्रे पनि अलमलमा पर्छ । अरू केही भन्ने कि नभन्ने ? चन्द्रे अनिर्णीत रहन्छ । दुवै मौन रहन्छन् । हे भगवान् ! कस्तो असमञ्जस ! कस्तो दुर्भाग्य ! मलाई त्यहाँ बसिरहनु त कुनै धर्म संकटमा फस्नु जस्तो पो महसुस हुन्छ । के गरूँ के गरूँ हुँदा-हुँदै एकाएक जुरुक्क उठेर सरासर बाहिर निस्किन्छु । हिँड्दै गर्दा लाग्छ म त औँसीको रातमा श्मशान घाटमा बाटो भुलेर भौँतारी रहेको छु । धत्तेरि ! कस्तो बेहोसी ! हिँड्दा-हिँड्दै उल्टो बाटो पो समाइएछ । छाप्रो त पछाडि अर्कै दिशामा पो छ । म त पुलिस 'बेस क्याम्प' अगाडी पो आइपुगेछु । यसो नजर उठाउँछु । 'सशस्त्र प्रहरी बल' लेखिएको बोर्डमा मेरा आँखा ठोक्किन्छन् । झस ! झस्किन्छु । मनमनै डराउँछु । एक छिनपछि सोच्छु, म किन डराएको ? के भएको छ र ? मनलाई सम्झाउँछु । तर मन मान्दैन । नजर झुकाएर अपराधी जस्तो लुसुक्क फर्किन्छु । बाटाभरि सोचिरहन्छु , दैनिक हिँड्ने बाटोमा छ 'बेस क्याम्प' । आजसम्म मैले कुनै अपराध गरेको पनि छैन । न त न्यायको लागि एक शब्द बोलेको छु । यी पुलिसले मलाई चिन्दैनन् । तर आज किन मलाई यति धेरै डर लाग्यो ? सोच्छु, सायद विगतको कुनै मनको चोट बल्झियो । हो पक्का बल्झियो । चन्द्रे र उसकी छोरीको संवादले मेरो मनोदशालाई झिरले घोचे झैँ घोचेर बिथोलिदिएछ सायद ।

मन थाम्ने भगीरथ प्रयत्नका साथ छाप्रोसम्म आइपुग्छु । सरासर भित्र छिर्छु । खाटमा उत्तानो पल्टिन्छु । शवासनमा सुतिरहन्छु । आफूलाई एउटा जिउँदो लास सम्झेर पल्टिरहन्छु । न खाना पकाउँछु न त खान्छु । एक्लो मान्छे । आफैँले नगरे कसले दिने खान ? भोकै सुत्छु । कति बजे निदाएँ थाहा पाउँदिन । रातैभरी सपनाले कहिले भूटान पुऱ्याउँछ त कहिले नेपालतिरै डुलाउँछ । रातारात परिवार छोडेर देशबाट भागेको त्यो विगतको दृश्य देखाउँछ । जय जन्म नहुँदै शिविरको छाप्रोमै रुख ढलेर मारिएकै आफ्नी स्वास्नीसँग भेट गराउँछ । धन्न दिमागले सपना देखाउँछ र विषयान्तर हुन्छ । नत्र त सधैँ एउटै कुरा सोचेर दिमाग नै खुस्किँदो हो । बिहान भालेको डाकले ब्युँझाउँछ । उठ्दा दिमाग लाटिए जस्तो हुन्छ । आफैँलाई भुल्दै छु जस्तो महसुस हुन्छ । सोच्छु , यो के भएको ?

*-साहित्यपोस्ट डटकम*




## हार्दिक बधाई तथा शुभकामना

**वृन्दावन एकेडेमी सेकेन्डरी स्कुल**, तानसेन-४, पाल्पाबाट शै.स. २०८० को माध्यमिक शिक्षा परीक्षा (SEE) मा सहभागी भई उत्कृष्ट GPA सहित उत्तीर्ण हुन सफल हाम्रा सम्पूर्ण विद्यार्थीहरुमा **हार्दिक बधाई** सहित उज्ज्वल भविष्यको लागि **हार्दिक शुभकामना** व्यक्त गर्दछौं । साथै यस शैक्षिक सफलताको लागि सहयोग गर्नुहुने हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, अभिभावक, विद्यालय व्यवस्थापन समिति तथा हाम्रा शुभचिन्तकहरुप्रति **हार्दिक आभार** व्यक्त गर्दछौं ।




**भरत न्यौपाने**
**प्रिन्सिपल**
तथा
**वृन्दावन एकेडेमी सेकेण्डरी स्कुल परिवार**
तानसेन-४, पाल्पा

## खेलकुद समाचार

### फ्रान्सलाई २-१ गोलले हराउँदै स्पेन फाइनलमा




**काठमाडौं,** असार २६/स्पेन युरोकप फुटबल प्रतियोगिताको फाइनलमा पुगेको छ । मंगलबारराति भएको खेलमा फ्रान्सलाई २-१ गोलले हराउँदै स्पेन उपाधि नजिकै पुगेको हो । जर्मनीको एलिनाज एरिनामा भएको खेलमा अग्रता भने फ्रान्सले लिएको थियो ।आठौं मिनेटमा कोलो मुआनीले गोल गरेर फ्रान्सलाई अग्रता दिलाएका थिए । तर २१ औं मिनेटमा यमल र २५ औं मिनेटमा ओल्मोले गोल गरे र स्पेनलाई फाइनलमा पुऱ्याए । अब उपाधिको लागि स्पेनले इंग्ल्याण्ड र नेदरल्याण्ड्सबीच हुने खेलको विजेतासँग खेलनेछ । दोस्रो सेमिफाइनलमा नेपाली समयअनुसार बुधबार राति पौने एक बजे इंग्ल्याण्ड र नेदरल्याण्ड्स खेल्दैछन् ।

## बगनासकालीमा...

...सार्वजनिक लेखा समितिका संयोजक कृष्ण बस्याल र माओवादी केन्द्रबाट निर्वाचित वडा सदस्य कृष्ण भूषालले लेखा समितिले हिसाव माग गर्दा समेत नदिइ अपादर्शी ढंगले अगाडि बढ्न खोजेको बताए । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १७ को उपदफा ३ बमोजिम कार्यपालिका बैठकको निर्णय सर्वसम्मति हुनुपर्ने भए पनि प्रयास नगरी आफू खुसी गाउँसभा सञ्चालन गरेको असन्तुष्ट सदस्यहरुले पत्रकार सम्मेलनमार्फत जनाएका छन् । गाउँपालिका अध्यक्ष सरस्वती चिदीले भने चित्ता नबुझे संशोधन हाल्न र छलफलको लागि समय दिन आफुहरु तयार हुँदा हुँदै उहाँहरुले सभा बहिष्कार गर्नुभएको बताईन् । उनले भनिन् 'बुधबार आर्थिक विधेयक र विनियोजन विधेयकमाथि छलफल गर्न सभा राखेका थियौं, विधेयकमाथि छलफल सुरु नगर्दै वडा अध्यक्ष थानेश्वर तिमिल्सीना जि पहिला आफुले बोल्न पाउने भनेपछि ३ मिनेट समय दिएका थियौं तर उहाँले तीन मिनट भन्दा बढी समय लगाएर पालिकाको आलोचना गर्न थालेपछि प्रवक्ता जि ले उठेर त्यसो नगर्न आग्रह गर्दा गर्दै उहाँहरु उठेर हिड्नुभएको हो ।' छलफलका लागि पटक-पटक आग्रह गरे पनि नमानेको अध्यक्ष चिदीको भनाई छ । उहाँहरुले सभा बहिष्कार गरे पनि सभाको बहुमतले विधेयक पारित गरिएको उनले बताईन् ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक २३ दशमलव २५ अङ्कले बढ्यो



**पाल्पा,** २६ असार/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २३ दशमलव २५ अङ्कले बढेको छ । बुधबार नेप्से परिसूचक एक दशमलव ०८ प्रतिशतले बढेर दुई हजार एक सय ७५ दशमलव ४० को बिन्दुमा कायम भएको हो ।

बुधबार तीन सय २२ कम्पनीको एक करोड ५२ लाख ९६ हजार सात सय ३९ कित्ता शेयर ७२ हजार सात सय १४ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब ७४ करोड ४० लाख ८३ हजार बराबरको कारोबार भएको छ । विकास बैंक समूह शून्य दशमलव २९ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धैरै बैकिङ समूह एक दशमलव ६९ प्रतिशतले बढेको छ ।

बुधबारको कारोबारमा १० दशमलव २५ प्रतिशत एसबिएल डिबेञ्चर-२०८३ को शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने बुद्धभूमि नेपाल हाईड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै हाथवे इन्भेस्टमेन्ट नेपाल लिमिटेडको रु १५ करोड आठ लाख ९९ हजार आठ सय ५९ बराबरको शेयर कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने लक्ष्मी उन्नती कोषको दश लाख सात हजार तीन सय ५० कित्ता शेयर किनबेच भएको छ ।

## भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना

CTEVT बाट स्वीकृति प्राप्त यस पाल्पा टेक्निकल इन्स्टिच्यूट तानसेन, पाल्पामा शैक्षिक वर्ष २०८१/०८२ को लागि ३ वर्षे डिप्लोमा कार्यक्रम/प्रमाण पत्र तह **सामान्य चिकित्सा**(H.A.), **मेडिकल ल्याव्रोटोरी टेक्नोलोजि** (CMLT) र फिजियोथेरापी विषयमा भर्ना खुलेको जानकारी गराउँदै उक्त विषय अध्ययन गर्न ईच्छुक SLC वा SEE मा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरिकृत अंक ४.० मा २.० जि.पि.ए. अथवा सो सरह वा परिषद्बाट सम्बन्धित प्राविधिक एस.एल.सी/प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको विद्यार्थीहरुले भर्नाको लागि समयमै सम्पर्क गर्न जानकारी गराईन्छ ।

**आवेदन फारम साथ पेश गर्नुपर्ने कागजातहरु :**
क) स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35mmx45mm) को दुई प्रति रंगीन फोटो ।
ख) एस.एल.सी.वा प्राविधिक एस.एल.सी (प्रि-डिप्लोमा) वा एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यताको लब्धांकपत्र र प्रमाणपत्रको प्रतिलिपी ।
ग) नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र तथा चारित्रिक प्रमाण पत्रको प्रतिलिपि ।
घ) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको पत्रको प्रतिलिपी ।

- **आवेदन फर्म ईन्स्टीच्युटबाट वितरण भैरहेको छ ।**
- **फर्म बुझाउने अन्तिम मिति-२०८१ श्रावण १३ गते आइतबार (कार्यालय समय भित्र)**
- **प्रवेश परीक्षा -२०८१ श्रावण १९ गते शनिबार बिहान ८ बजे**

**सम्पर्क**
**पाल्पा टेक्निकल ईन्स्टिच्युट**
**मेहलधारा -२, तानसेन पाल्पा (पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र नजिकै (आफ्नै भवनमा)**
फोन नं. ०७५-५२०७१४/५२०३८२/५२०३१६/५९०००६
मोबाईल नम्बर ९८५७०६०३४६, ९८४७०२९८१६, ९८४७०६८०५२

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई